सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ

# आ.व. ०७७/०७८ को आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्ने बोलपत्र आव्हान सम्बन्धी सूचना

मिति:२०७७।०९।२३

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था र सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ को व्यवस्था अनुसार सिद्धलेक गाउँपालिकाको आन्तरिक आय संकलन ( ठेक्कावन्दोवस्त) सम्वन्धी कार्यविधि २०७५ बमोजिम ३ पटक सम्म बोलपत्र सूचना आव्हान गर्दा पनि कुनै फर्म वा कम्पनिबाट वोलपत्र पत्र पेश हुन नआएकाले गाँउकार्यपालिकाको मिति २०७७।०९।१० गतेको निर्णय बमोजिम न्युनतम ठेक्का दर संशोधन गरी ढुङ्गा, गिट्टी, वालुवा,उत्खनन्, संकलन तथा विक्रि शुल्क संकलन कार्यका लागी पुन ७ दिने बोलपत्र सुचना आह्वान गरिएको छ। इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धिकर दर्ता प्रमाण पत्र, कारवाही वा कालो सूचीमा नपरेको स्वघोषणा पत्र, आर्थिक वर्ष २०७६।०७७ को कर चुक्ता प्रमाण पत्र र अख्तियार नामाको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशील

| सि. नं. | वोलपत्रनं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व.२०७७।०७८ को बाँकी अवधि (माघ देखी असार मसान्त सम्म) न्यूनतम अंक(मु.अ. कर वाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | आ.आय ३।०७७/०७८ | ढुङ्गा, गिट्टी, वालुवा,वेस,चिप्स, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धूलो, शुल्क संकलन कार्य, | विक्रीशुल्क ढुंगा, गिट्टी,वालुवा, रोडा, ग्राभेल,प्रति क्यू फिट ९।०० ( नौ रुपैया) | रु१,४४,४२,९२०। (एक करोड चौवालिस लाख बयालिस हजार नौ सय विस मात्र) | खोला,क्रसर,वालुवा धुने उघोगहरु समेत गरी जम्मा १६०४७६८।८ घन फिट - गाउँपालिका भित्रका अन्य क्षेत्रबाट उत्खनन तथा निकासी हुने प्राकृतिक स्रोतमा समेत | ३०००।- | ठेक्का रकमको ५ प्रतिशत |

❖ ठेक्का सम्बन्धी शर्त तथा विस्तृत विवरण यस कार्यालयको website www.siddhalekmun.gov.np मा हेर्न सकिने छ ।

नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु

१. बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातहरु यस सिद्धलेक गाँउपालिकाको कार्यालयमा कार्यालयको समय भित्र खरिद गरी पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नाममा कुमारीबैंक बुङचुङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१००००५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धी कागजात साथ संलग्न गर्नु पर्ने छ ।

३. बोलपत्रदाताले धरौटी वापत कवोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक बुङचुङ स्थित शखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६००००१ मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोल पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनम्याद सहित जारी गरिएको विडबण्ड पेश गर्नु पर्ने छ ।

४. बोलपत्रदाताले यो सूचना प्रकाशित मितिले ८ औं दिन (२०७७।१०।२) दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नु पर्ने छ र दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको दिनको २: ०० बजे निजको प्रतिनिधिहरुको रोहवरमा यस सिद्धलेक गाउँपालिकाको कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ ।

५. ठेक्काअवधि २०७७ असार मसान्त सम्म हुने छ ।

६. बोलपत्र सम्वन्धी फारम भर्दा कवोल रकम अनुसार अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. बोलपत्र स्वीकृत भएपश्चात ठेक्काअंकको ३०% ले हुन आउने रकम यस कार्यालयको कुमारी बैंक बुङचुङ स्थित शाखमा रहेको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१००००५ मा जम्मा गरेको सक्कल भौचर र ठेक्का अंकको बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तीमा १३ महिना म्याद भएको मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानतको (परफरमेनस वण्ड) सक्कलप्रति सम्झौताको वखत पेश गर्नु पर्ने छ । धरौटी (विड वण्ड) वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजातहरु पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ ।

८. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फारममा उल्लेख गरिएको हुँदा सोही फारामाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. कर दस्तुर शुल्क दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्वन्धित निकायमा बुझाउनु पर्ने छ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन ।

१०. ठेक्का सम्वन्धी एकमुष्ट रकम एकैपटक दाखिला हुन आएमा कवोल अंकको १५% रकम छुट दिइनेछ ।

११. यसमा उल्लेख गरिएको कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ ।

नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत